# ब्याजको हुकुम

[ नेपाली - Nepali - نيبالي ]

अतीकुर्रहमान मो.इदरीस खान मक्की

2013 - 1434

IslamHouse.com

# حكم الربا

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहू व नस्तगफिरहू व नऊजो बिल्लाहे मिन शोरुरेअनफोसेना व मिन सइयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिलहो फला हादिया लहु व अशहदोअल्लाइलाहा इल्लल्लाहो व अशहदो अन्ना मोहम्मदन अब्दहू व रसूलहू ।(अम्मा बअ्द)

इस्लाममा प्रत्येक नराम्रो कार्यबाट मनाही गरिएको छ त्यसै मध्ये ब्याज पनि एक हो, र सूद ब्याज खानु खुवाउनु दिनु लिनु ठूलो पाप हो । यसै कारण प्रस्तुत किताब **ब्याजको हुकुम** तपाईहरुको समक्ष पेश गर्दा मलाई अति गर्व महसूस भई रहेको छ , मलाई आशा छ कि प्रस्तुत किताबबाट तपाईहरुको ज्ञानमा वृद्धि हुन्छ, साथै तपाईहरुलाई लाभ पुऱ्याई स्वर्गको बाटो तिर लगाउने छ ।

अल्लाह संग प्रार्थना के छ भने यसको माध्यमबाट प्रत्येक मुसलमानहरुलाई लाभ प्राप्त होस्, र अल्लाहले यस कार्यलाई आफ्नो लागि मात्र स्वीकार गरोस्    (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान**
**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**
**तौलिहवा कपिलवस्तू नेपाल**
**मो.नं. ००९७७–९८४७०३०७८०**
**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

**ब्याजको परिभाषा** : केही विशेष धन सम्पत्तिमा प्रमुख सम्पत्ति भन्दा अधिक गरी लिनुको नाम ब्याज हो ।

**ब्याजका थरिहरु :**

ब्याज दुई थरिका हुन्छन् !

**१- रेबल् फज्‌ल** : मुख्य सम्पत्ति भन्दा अधिक गरी लेनदेन गर्नु । सुन, चाँदी, गहुँ, जौ, खजूर, र नुन मध्ये कसैलाई त्यसै थरिको सामानसित खरीद विक्री गर्दा अधिक लिनुलाई रेबल् फज्‌ल भनिन्छ ।

**उदाहरण :** एक किलो खजूरलाई त्यस्तै खजूरसित साट्‌दा अधिक लिनु अर्थात दुई किलो लिनु वा त्यस भन्दा कम वा अधिक लिनु । यस्तै एक तोला सुन सुनबाटै साट्‌दा एक तोला भन्दा अधिक वा कम गरी लिनु दिनु आदि.... ।

**२- रेबन्‌नसीआ** ( उधारको ब्याज ) : यसको दुई किसिम छन् :

१- समय अवधि तोकि नासो (उधार) दिनु र समय आएपछि भन्नु कि मेरो पैसा देऊ अथवा यति पैसा अरु दिनुपर्छ । यस्तै समय सीमा पछि पैसा बढाउदै जानु ।

र एउटा आर्को तरिका यो हो कि कसैलाई हजार रुपैयाँ दिई यो भन्नु कि म १५०० रुपैयाँ फिर्ता लिन्छु ।

२- पछाडि वर्णन गरिएका ६वटा सामानहरुलाई जसरी सुनलाई सुनसित उधारीमा बिक्री गर्नु चाहे दुवै तिरबाट सुन एकनास किन नहोस् । अर्थात एउटा मान्छेसित सुन होस् र आर्को मान्छेसित सुन नहोस् बरु उधारीमा लेओस् ।

## ब्याजको वैधानिक्ताको विवरण

ब्याज समस्त थरि समेत अवैध छ। अल्लाहको फर्मान छ :

अर्थ : जुन मानिसहरू व्याज खान्छन् तिनी (चिहानहरूबाट) यस प्रकारले (भ्रमित भई) उठ्ने छन् जस्तो कि शैतानले छोएको पागल होस् । यो यस कारणले कि तिनीहरूले भन्ने गर्दथे कि व्यापार गर्नु पनि त यस्तै छ, जस्तो कि ब्याज (लिनु) । तर व्यापारलाई अल्लाहले हलाल बनाएको छ र ब्याजलाई हराम । जुन मानिसले आफ्नो छेउ अल्लाहको निर्देशन पुगे पछि (ब्याज लिन) त्याग दियो भने जेजति भइसकेको छ, त्यसको माफी पाउने छ । र त्यसको निर्णय अल्लाहले गर्ने छ । र यदि फेरि ( व्याज) लिन थाल्यो भने, त्यस्ता मानिसहरू नरकीय हुनेछन्, र सधैं नर्कमा रहने छन् । ( सूरतुल् बकरः २७५ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : अल्लाहको धिक्कार छ ब्याज खाने मान्छे माथि र खुवाउने मान्छे माथि, र त्यसको साक्ष्य बस्ने र लेख्ने मान्छे माथि । ( तिर्मिजीले यस हदीसलाई सही भन्नु भएको छ )

र आर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : ब्याजको एक दिरहम खानु यस अवस्थामा कि खाने मान्छेलाई थाहा छ कि यो ब्याजको हो, भने त्यो ३६ व्यभिचार

भन्दा अधिक पापी घोषित हुने छ । ( मुस्नद अहमद सही सनदको साथ )

## इस्लामले ब्याजलाई किन अवैध भने छ ?

इस्लामले ब्याजलाई अवैध गर्ने कारण हो कि कुनै मान्छे कसैको माल सम्पत्ति नाहक न खाओस्, र आफ्नो जीविका स्वच्छ र पवित्र तरिकाले कमाओस्, र ब्याजद्वारा मानव समाजमा भेदभाव इर्ष्या र मतभेद नहोस्, र ब्याज समाज र राष्ट्रको क्यान्सर हो, यसबाट राष्ट्र र समाज दुवैको विनाश हुन्छ । तसर्थ इस्लामले यसलाई अवैध गरी सारा जगत माथि उपकार गरेको छ , र एक आर्काको मतभेदलाई सिर्जना गर्ने बाटोलाई बन्द गरी समस्त मानव जाति माथि उपकार गरेको छ ।

## ब्याजका प्रमुख सामग्रीहरु :

६ वटा मुख्य वस्तुहरु छन् जसमा ब्याजको लेनदेन हुन्छ, र इस्लामीय विधान अनुसार निम्न सामग्रीहरुमा घटथप गर्नु अवैध छ ।

१- सुन ।

२- चाँदी ।

३- गहुँ ।

४- जौ ।

५- खजूर ।

६- नुन ।

रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : सुन सुनबाट, चाँदी चाँदीबाट, गहुँ गहुँबाट, जौ जौबाट, खजूर खजूरबाट, र नुन नुनबाट एकनास एकसमान र हाथौं हाथ हुनुपर्छ , तर यदि थरि विभिन्न भएको खण्डमा तिमीहरु जसरी मनलागोस् खरीद बिक्री गर यदि हाथौ हाथ होस् । ( मुस्लिम )

र धर्माचार्यहरु एवं विद्वानहरुको यस कुरा माथि एकमत छ कि उप्रोक्तमा वर्णन गरिएका ६ वटा सामग्रीहरु ज्स्तै विशेषता राख्ने वस्तुहरुमा पनि ब्याज प्रचलित हुन्छ, जस्तो कि मह, मासु तेल आदि ... ।

**नोट :** फलफूल, तरकारीहरुमा ब्याज प्रचलित हुँदैन किनकी पहिलो युगमा तरकारी फलफूललाई नापेर अथवा तौलेर लेनदेन हुँदैनथ्यो यसै कारण यसमा ब्याज प्रचलित हुँदैन ।

प्रिय भाइहरु ! ब्याज हाम्रो समाजमा ब्याज बूझिन्न बरु त्यसलाई त अति राम्रो कार्य झै बूझि हाम्रा दाजुभाइहरु गर्दै आएका छन् । र यो ब्याज हाम्रो देश नेपालमा रीति जस्तो प्रचलित छ । ब्याजको नाममा साहुहरु गरीबहरुको रगत चुसी चिहान सम्म पुऱ्याई दिन्छन् । यस्तै हाम्रो देश नेपालमा ब्याजको कारोबार बैंकमा पनि छ , र प्रत्येक ठूला ठूला व्यवसायमा पनि ब्याज प्रचलित छ । अर्थात हामी नेपालमा बस्ने मान्छेहरु सूदब्याज द्वारा घेरिएका छौं । र यसै कारण अर्थात ब्याजको कारण नै कतिपय जना घरबार बेच्ने बाध्य भइहाल्छन् त कतिपय जनाको घरलाई सरकार खोसी दिन्छ ब्याज न तिरेको अवस्थामा । यसै कारण इस्लामले प्रत्येक थरिका सूदब्याजलाई अवैध गरी दिएको छ चाहे त्यो गाडी

किन्नुमा होस् वा बैंकमा पैसा जम्मा गर्नुमा होस्, वा बैंकबाट ऋण लिनुमा वा बाइक किन्नुमा होस् वा ट्रेक्टर किन्नुमा होस् अर्थात सबै ब्याजीय कार्यलाई इस्लामले वर्जित गरी शुद्ध एवं स्वच्छ कार्यलाई वैध गरेको छ ।

प्रश्न यो उठछ कि हाम्रो देश नेपालमा प्रत्येक ठाउँमा सूदी कारोबार छ , बैंक देखी व्यवसाय सम्म अनि हामी के गरौं ? हामी आफ्नो जीवन कसरी व्यतीत गरौं ?

यसको उत्तर मात्र यो नै हो अल्लाहको भनाई छ :

थर्थ : अल्लाह कसै माथि उसको शक्ति भन्दा अधिक भारी हाल्दैन ..... । ( सूरतुल् बकरः २८६ )

आर्को ठाउँमा अल्लाहको भनाई छ :

अअर्थ : तिमी अल्लाह सित जति डराउन सक्छौ त्यति नै डर । ( सूरः अत्तगाबुन १६ )

अल्लाहको भनाईको अर्थ यो हो कि हामी सूदब्याजबाट जति टाढा रहन सक्छौं त्यति टाढा नै रहौं, तर यदि ब्याज बाहेक अरु कुनै विकल्प नभएको खण्डमा ब्याज पनि ग्राह्य भईहाल्छ ।

हामी माथि यो अनिवार्य छ कि सके सम्म सूद ब्याजबाट टाढा रहौं तर यदि कुनै अवस्थामा ब्याज न लिइकन् कार्य हुँदैन भने यस्तो अवस्थामा त्यसलाई ग्राह्य भन्न सकिन्छ , जस्तो कि मलाई कार किन्नु छ र कार किन्ने दुई तरिका छन् फाइनेन्समा र कैशद्वारा, यदि फाइनेन्समा किन्नु हुन्छ भने ब्याज तिर्नुपर्छ, तर कैश किन्नुमा कुनै ब्याज हुँदैन । अब यस्तो अवस्थामा हामी माथि अनिवार्य भईहाल्छ कि कैश रुपैयाँ दिई कार किनौं, र

ब्याजबाट टाढा रहौं । तर यदि कसैलाई विमान किन्नु छ तर त्यसमा कैशको कुनै कुरो नै छैन विमान फाइनेन्समा नै किन्नु पर्छ मात्र यही एउटा बाटो छ र मलाई विमान किन्नु जरुरी पनि छ अब यस अवस्थामा कुनै आर्को विकल्प नभएकोले विमान किन्न सकिन्छ र ब्याज तिर्ने अनुमति दिन सकिन्छ ।

यस्तै हाम्रो देश नेपालमा सबै बैंकहरुमा पैसा राख्दा ग्राहकलाई ब्याज दिने चलन छ, यदि तपाई आफ्नो पैसा बैंकमा सुरक्षाको लागि राख्नु हुन्छ भने बैंकले तपाईलाई ब्याज दिन्छ चाहे त्यो ब्याज कुल रकमको २ प्रतिशत किन नहोस् । र तपाईले खाता विवरण लिदा खेरी तपाईको असल रकम र ब्याजको रकम कति छ बैंकले छुट्ट्याएर तपाई समक्ष राख्दछ । अब यस्तो अवस्थामा हामी के गरौं ? ब्याज लिएर पनि पापी र ब्याजको रकम बैंकमा छाडेर पनि पापी किनकी बैंक त्यसलाई हामी मुस्लिम विरुद्ध नै प्रयोग गर्छ किनकी बैंक काफिरहरुको नै हुन्छ अब हामी के गरौं ?

यस्तो अवस्थामा विद्वानहरुको भनाई छ कि हामी कदापि आफ्नो रकमलाई बैंकमा न छाडौं, किनकी बैंक त काफिरहरुको हो त्यसैमा छाडनुको अर्थ हो काफिरहरुको सहायता गर्नु इस्लाम विरुद्ध । जुन जघन्य अपराध हो, किनकी त्यो तपाईले छाडेको पैसाबाट उनीहरु इस्लाम विरोधि गतिविधिहरुको सृजना गर्छन् , र तपाईको रकमद्वारा तपाईलाई नै हानि पुऱ्याउँछन्, यसै कारण त्यो ब्याजको रकमलाई कदापि बैंकमा छाडनु हुन्न । बरु त्यसलाई बैंकबाट झिकी आफूमाथि र आफ्नो हितको लागि खर्च नगरी समाज सुधारक कार्यमा लगाउनु उचित हो, अथवा असहाय गरीबको त्यसै पैसाबाट

सहायता गर्नु पनि उचित छ । तर पुण्यको नियतले यो गर्नु हुन्न किनकी यो ब्याजको रकम हो जुन हराम छ तर नेपालको स्थितिको कारणले गर्दा यस्तो गर्नु उचित ठानिएको छ । जस्तो कि ब्याजको यस्तो रकमले नल गडाउनु, सडक बनाउनु, समाजको कल्याणकारी कर्यहरु गर्नु आदि । तर यसको शर्त यो छ कि यस कार्यबाट तपाईको कुनै हित संलग्न नहोस् ।

प्रिय पाठकहरु ! यो थियो सूदब्याजको बारेमा संक्षेपमा केही महत्वपूर्ण ज्ञानवर्धक कुराहरु मलाई आशा छ कि हाम्रा नेपाली साथी भाइहरु यस सानो पुस्तिकाबाट लाभान्वित हुन्छन् । र हाम्रो समाजलाई ब्याज जस्तो क्यान्सरबाट मुक्त गर्छन् ।

अन्तमा अल्लाहसित विन्ती छ कि अल्लाह हामी सबैलाई सत्मार्गमा हिंडने सुअवसर प्रदान गरुन् र कुकर्मबाट बचाई स्वर्ग प्रदान गरुन् ( आमीन )

लेखक

अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की

कपिलवस्तु नगर पालिका तौलिहवा

नेपाल

मो.नं. ००९७७९८४७०३०७८०,९७२७६४९२३८